कर्णाली प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**वीरेन्द्रनगर, सुर्खेत**

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

मिति: २०८३/०४/०४

विषयः आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन।

**प्रिय सहकारीज्यू,**

आर्थिक वर्ष २०८३/८४ को लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालय वा अन्तर्गतका निकायबाट सम्पादन गर्नुपर्ने कार्यहरू व्यवस्थापनका लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ प्रदेशसभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशन भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८३/८४ का लागि तहाँ र अन्तर्गतका निकायहरूमा विनियोजित रकम प्रचलित कानून र स्थापित प्रणाली बमोजिम खर्च गर्ने/गराउने, खर्चको लेखा राख्ने/राख्न लगाउने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी पूरा हुने अपेक्षा गरेको छु। यस आर्थिक वर्षमा बजेटले लिएका उद्देश्य र प्राथमिकता प्राप्तिका लागि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। बजेट कार्यान्वयन गर्दा समग्र वित्तीय अनुशासन कायम गर्दै रकम निकासा, खर्च र नियन्त्रण लगायतका वित्तीय उत्तरदायित्व कायम गर्न कर्णाली प्रदेश विनियोजन ऐन, २०८३, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को अनिवार्य रूपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ को दफा १४ को उपदफा (४) बमोजिम मिति २०८३/०४/०४ को माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री स्तरीय निर्णयानुसार बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको व्यहोरा अनुरोध गर्दछु।

आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(क) <u>अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः</u>

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System; PLMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयबाट रकम निकासा लिने र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२. अनुदान संकेत नं. ५०१ अर्थ वित्तीय व्यवस्था, ६०१ र ६०२ अर्थ विविध बाहेक कुनै विषयगत मन्त्रालयमा एकमुष्ट रुपमा विनियोजन भएको रकम वा नेपाल सरकारबाट प्रदेश सरकारलाई एकमुष्ट रुपमा प्राप्त ससर्त अनुदानका आयोजना वा कार्यक्रम मातहतका कार्यालय वा अन्य निकायबाट खर्च गर्ने गरी बाँडफाँट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयबाट विक्रम सम्वत् २०८३ साल मंसिर मसान्तभित्र लेखा उत्तरदायी अधिकृतले बाँडफाँट र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्ने निर्णय गरी यस मन्त्रालयमा पठाउनु हुनेछ।

प्रदेश सचिव

३. नेपाल सरकारबाट प्रदेश सरकारलाई ससर्त अनुदानको रुपमा प्राप्त आयोजना वा कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा त्रैमासिक विभाजनमा त्रुटी भइ सच्याउनुपर्ने भएमा तहाँ मन्त्रालयबाट निर्णय गरी सम्वत् २०८३ चैत मसान्तभित्र यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

४. प्रदेश मन्त्रालयगत बजेट प्रणाली (PLMBIS) मा नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण भई स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजना वा कार्यक्रमबाट अर्को आयोजना वा कार्यक्रममा वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयको सिफारिसमा नेपाल सरकारको विषयगत मन्त्रालयले स्रोत परिवर्तन नहुने गरी रकमान्तर वा कार्यक्रम संशोधन गर्ने व्यवस्था अनुसार नेपाल सरकारको विषयगत मन्त्रालय मार्फत् रकमान्तर तथा क्रियाकलाप संशोधन गर्न सिफारिस गर्नु हुनेछ।

५. नेपाल सरकारबाट प्राप्त विशेष अनुदान र समपूरक अनुदानमा आधारित प्रदेशको आयोजना वा कार्यक्रमका हकमा बजेट कार्यान्वयनका लागि बजेट बाँडफाँट गर्नुपर्ने भएमा राष्ट्रिय योजना आयोगले रकमान्तर तथा अख्तियारी संशोधन गर्न सक्ने व्यवस्था रहेकोले सोही अनुसार कार्यान्वयन गर्नु हुनेछ।

६. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा सम्बन्धित संघीय मन्त्रालय/निकायसँग समन्वय गर्नु हुनेछ।

७. तहाँ मन्त्रालय वा निकायको बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सोको उपयुक्त आधार र कारण खुलाई विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले संशोधन गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्ने निर्णय गरी विक्रम संवत् २०८३ चैत्र मसान्तसम्म मन्त्रालयमा पठाउनु हुनेछ।

८. आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई नयाँ कार्यालयको स्थापना भएमा वा मौजुदा कार्यालय एक आपसमा गाभिएमा त्यस्तो कार्यको लागि नयाँ बजेट उपशीर्षक, खर्च शीर्षक र क्रियाकलाप थप, घट वा संशोधन गरी रकम व्यवस्थापन गर्नु परेमा यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

९. आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/ कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी बजेट समर्पणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखि पठाउनु हुनेछ।

प्रदेश सचिव

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

१०. तहाँ मन्त्रालय वा निकायमा विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको प्रकृति वा कार्यक्षेत्र अर्को मन्त्रालय वा निकाय अन्तर्गत पर्ने भएमा कार्यक्षेत्र विपरित प्रस्तावित त्यस्ता आयोजना वा कार्यक्रमहरू तहाँ मन्त्रालयबाट कार्यान्वयन गर्नु हुने छैन।

११. तहाँ मन्त्रालय वा निकायमा रहेको आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने भई तहाँ मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारबाट निर्णय भएमा सम्बन्धित स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदानको लागि यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

१२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट कार्यान्वयनका लागि सम्वत् २०८३ फागुन मसान्तसम्म पनि खरिद प्रक्रिया सुरुवात नभएमा वा बाँकी अवधिमा पनि खर्च हुन नसक्ने भएमा त्यस्तो रकम एकिन गरी सम्वत् २०८३ चैत्र १५ गतेभित्र यस मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

**(ख) <u>बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u>**

१३. आयोजना वा कार्यक्रम सञ्चालनको लागि विनियोजित रकमको सीमाभित्र रही खरिद प्रक्रिया सुरुवात गर्नु हुनेछ। कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ को दफा १० को उपदफा (४) मा विनियोजित रकम भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारवाही प्रारम्भ गर्न नपाइने व्यवस्था रहेको हुँदा सो व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

१४. बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको स्पष्ट कार्ययोजना बनाई सम्वत् २०८३ साउन मसान्तभित्र जिम्मेवार पदाधिकारीबाट स्वीकृत गराई सोही कार्ययोजना बमोजिम वर्षभरी नै कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

१५. चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनु पर्ने भएमा २०८३ कार्तिक मसान्तसम्म तर्जुमा गरी प्रदेश राजपत्र र तहाँ मन्त्रालयको वेबसाइटमा प्रकाशन गरी कार्यक्रम तथा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउनुहुनेछ।

१६. सालवसाली रुपमा सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८३/८४ मा समेत यथावत रुपमा सञ्चालन हुने भएमा विगत वर्षका कर्णाली प्रदेश विनियोजन ऐन बमोजिम तर्जुमा भएका निर्देशिका, कार्यविधि वा मापदण्ड समेत विनियोजन ऐन, २०८३ बमोजिम तर्जुमा भए सरह मानी कार्यान्वयन गर्नु हुनेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

१७. सार्वजनिक भवन तथा यस्तै प्रकृतिका पूर्वाधार सम्बन्धी संरचना निर्माण गर्दा कसैको निजी जग्गा समेत उपयोग गर्नुपर्ने भएमा भूमि सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्ति वा भोगाधिकारको कार्य सम्पन्न भए पश्चात मात्र खरिद कार्य सुरु गर्नु हुनेछ। आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित सार्वजनिक खरिद तथा अन्य कानुनी व्यवस्थाहरूमा उल्लेख भएका प्रावधानहरूको पालना गर्नु/गराउनु हुनेछ।

१८. नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा प्रदेश सरकार, स्थानीय तहहरू लगायत सरकारी निकायले प्रचलित कानून अनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण प्रक्रिया थालनी गर्नुहुने छैन। नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडी बढाउनु पूर्व भूमिसम्बन्धी कानूनको साथै अन्य प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्नु/गराउनु हुनेछ।

१९. प्रदेश सरकारको नीति अनुसार तहाँ मन्त्रालय वा निकायबाट प्रदान गरिने अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय तह र अन्य कुनै गैरसरकारी सङ्घ संस्थाबाट प्रदान गरिने उस्तै प्रकृतिको कार्यक्रमसँग दोहोरो नपर्ने सुनिश्चितता गरेर मात्र निकासा, खर्च तथा भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

२०. प्रदेश सरकारका सबै सार्वजनिक निकायहरूले सार्वजनिक खरिद सम्झौता अनुसार काम भए/नभएको नियमित अनुगमन तथा मूल्याङ्कन गरी/गराइ चालु आर्थिक वर्षभित्रै भुक्तानी हुने प्रवन्ध मिलाई अर्को आर्थिक वर्षमा दायित्व नसार्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. राजनीतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि र निजका परिवार, निर्माण व्यवसायी, र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा नरहने व्यवस्था मिलाउनु हुनेछ। उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा निर्माण व्यावसायी मार्फत कार्यान्वयन गराउन पाइने छैन।

२२. आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा खुला बोलपत्र मार्फत गरिने खरिद प्रक्रियालाई प्राथमिकता दिनु हुनेछ। प्रदेश सरकारको नीति अनुरुप रू. ३० लाख वा सो भन्दा बढी रकम बिनियोजन भएका आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन नगरी खुला बोलपत्र मार्फत गर्नु हुनेछ।

२३. यस आर्थिक वर्षका लागि स्वीकृत भएको कुनै आयोजनाको प्रकृति र लागतको हिसाबले चालु आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने भएमा सोको बस्तुगत आधार र कारण सहित कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ मा उल्लिखित आधार र प्रक्रिया पूरा गरी बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएर मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

२४. प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजना वा कार्यक्रमको हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहनेछ। स्रोत सहमति प्रदान गरेको मितिले छ महिना वा चालु आर्थिक वर्षको जेष्ठ मसान्त मध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र खरिद प्रक्रिया सुरु नभएमा स्रोत सहमति स्वतः रद्द हुनेछ। विगतमा स्रोत सहमति प्रदान गरिएका तर यस आर्थिक वर्षको बजेटमा रकम विनियोजन नगरिएका आयोजनाहरूको स्रोत सहमति खारेज हुने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु गराउनु हुनेछ।

२५. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखबाट स्वीकृत गराई सम्झौता गर्नु पर्ने व्यवस्था कार्यान्वयन गराउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरुप काम नगर्ने र कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. संघीय सरकारबाट प्राप्त समपुरक तर्फका आयोजना कार्यान्वयनमा विशेष प्राथमिकता दिई प्रदेश सरकारलाई अतिरिक्त दायित्व सिर्जना नहुने गरी निर्धारित अवधिमा सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. नेपाल सरकारले तोकेकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी दिनु हुने छैन।

२८. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ को उपदफा (१) मा साना सिंचाई तर्फका आयोजना बाहेक सडक पूर्वाधार र लिफ्ट प्रणालीका सिंचाई तथा खानेपानी आयोजनाको हकमा रु. ५० लाख र सो बाहेक अन्य आयोजनाको हकमा रु.२० लाख भन्दा कम लागत रकम भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन नगर्ने व्यवस्था रहेको कुरा यहाँलाई विदितै छ। सो व्यवस्थाको प्रतिकुल नहुने गरी अधुरा र क्रमागत आयोजना एवम् सङ्घीय सरकारबाट ससर्त अनुदानमा हस्तान्तरित आयोजना बाहेक अन्य कुनै नयाँ आयोजनामा उक्त सीमा भन्दा कम रकम विनियोजन भएको भए त्यस्ता आयोजना कार्यान्वयन गर्नुहुने छैन।

प्रदेश सचिव

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

(ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदनः

२९. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System; PLMBIS) मा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व प्रदेश सरकारले सञ्चालनमा ल्याएको आयोजना बैङ्क सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ। विनियोजित रकमको सीमा भित्र रही आयोजना बैङ्कमा प्रविष्टी भएको आयोजना चालु आर्थिक वर्ष भित्रमा अध्ययन सम्पन्न गरी कार्यान्वयनमा लैजान सकिनेछ।

३०. कुनै अनुदान सङ्केत भित्रको चालु खर्च शीर्षकमा विनियोजन भएको रकम सोही अनुदान सङ्केतको चालु खर्च शीर्षकमा रकमान्तर गर्नु पर्ने भएमा सुरु विनियोजन भन्दा बढी नहुने गरी उपयुक्त आधार र कारण खुलाई तहाँ मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनु हुनेछ।

३१. सुरु विनियोजन भन्दा बढी नहुने गरी चालु खर्च शीर्षकमा विनियोजन भएको रकम पुँजीगत तर्फ (आयोजना/कार्यक्रम) मा रकमान्तर गर्नुपर्ने भएमा, पुँजीगत खर्च शीर्षकमा विनियोजन भएको रकम एउटै अनुदान सङ्केतभित्र रही रकमान्तर गर्नुपर्ने भएमा, बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा आवश्यकता र औचित्य समेतका आधारमा संशोधन गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नको लागि निर्णय गर्ने अधिकार विषयगत मन्त्रालयको लेखाउत्तरदायी अधिकृतलाई हुने व्यवस्थाको कार्यान्वयन गर्नु हुनेछ। यसरी रकमान्तर तथा कार्यक्रम वा क्रियाकलाप संशोधन गर्दा स्रोतमा परिवर्तन हुने भएमा मन्त्रालयको स्वीकृति लिनु हुनेछ।

३२. तहाँ मन्त्रालय/निकायले रकमान्तर, स्रोतान्तर, कार्यक्रम संशोधन, क्रियाकलाप संशोधन, त्रैमासिक संशोधन र बाँडफाट गरी बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नका लागि मन्त्रालयमा पठाउँदा निर्णय भएको मितिले १५ दिनभित्र पठाउने व्यवस्था कार्यान्वयन गर्नु हुनेछ।

३३. बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४, अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०८१ लगायत अन्य सम्बन्धित प्रचलित कानुनको परिपालना गर्नु हुनेछ।

३४. वैदेशिक स्रोत तर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त गर्ने सुनिश्चितता गरेर मात्र खर्चको निर्णय गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३५. नेपाल सरकारले क्रियाकलापमा आधारित लेखा प्रणाली (Activity Based Accounting System) अपनाएको हुँदा एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ बमोजिम कुनै मिल्दो खर्च शीर्षकमा रकम

प्रदेश सचिव

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

विनियोजन भए तापनि स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप (PLMBIS) मा नभएको कुनै पनि कार्यको लागि खर्च गर्नु/गराउनु हुने छैन।

३६. पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्नु हुने छैन। कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा रहेको अवस्थामा विनियोजित रकम खर्च नहुने स्पष्ट कारण र पुष्ट्याई बेगर अन्य आयोजनामा रकमान्तर गर्नु हुने छैन। कुनै पनि क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भएपछि पुनः सोही क्रियाकलापमा थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन गर्नुहुने छैन। कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (८) मा भएको व्यवस्था बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधनको निर्णय गर्नु हुने छैन।

३७. अवण्डा बाँडफाँट गरी सिर्जना हुने बाहेकका अन्य नयाँ क्रियाकलापमा वा सुरु विनियोजन नभएको खर्च शीर्षकमा र उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा रकमान्तर गर्नु हुने छैन। साथै चालु आर्थिक वर्षको असोज महिनासम्म र असार महिनामा रकमान्तर गर्न नपाईने व्यवस्था भएकाले तहाँ मन्त्रालय/निकायको कुनै आयोजना वा कार्यक्रममा रकमान्तर गर्न आवश्यक भएमा सोही व्यवस्था अनुकुल हुने गरी गर्नुहुनेछ।

३८. बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति भएका आयोजना र विपद् व्यवस्थापन कार्यको हकमा रकमान्तरको सीमा कायम गरिएको छैन। सो बाहेक अन्य आयोजना वा क्रियाकलापमा रकमान्तर गर्नुपर्ने भएमा सुरु विनियोजन (शत प्रतिशत) भन्दा बढी नहुने गरी आवश्यकता पुष्ट्याइ हुनेगरी गर्नुहुनेछ। बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम यस्तै प्रकृतिका आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्नु हुने छैन।

३९. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २१ को उपदफा (७) बमोजिम स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित रकम भन्दा ठेक्का सम्झौता रकम कम भएमा बाँकी हुने रकम अन्य कार्यमा खर्च गर्न नपाइने व्यवस्था रहेकोले चालु आर्थिक वर्षमा यस प्रकृतिको बाँकी रकमको विवरण प्रदेश लेखा इकाइ वा प्रदेश लेखा नियन्त्रक कार्यालय र विषयगत मन्त्रालयमा पेस गर्नुपर्नेछ। विषयगत मन्त्रालयले सोको एकीकृत विवरण तयार गरी यस मन्त्रालयमा पेस गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४०. चालु प्रशासनिक खर्चमा मितव्ययीताको नीति अनुरुप पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका खर्चमा मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ।

प्रदेश सचिव

प.सं.:-२०८३/०८४
च.नं.:- ०१

४१. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ कार्यालय वा दरबन्दी सिर्जना गर्दा प्रदेश सरकारमाथि थप व्ययभार पर्ने भएमा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ। कार्यालयको मौजुदा स्थायी कर्मचारीबाट काम हुन नसक्ने अवस्थामा मात्र स्वीकृत दरबन्दीभित्रका पदमा विनियोजित बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। कार्यालयले नियमित रुपमा गर्नुपर्ने मुख्य कार्य (Core Business) सम्पादनका लागि परामर्श सेवामा कर्मचारी नियुक्ति गरी रकम भुक्तानी गर्नु हुने छैन।

४२. परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ को व्यवस्था विपरित नहुने र कार्यालयमा रहेका जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकिन गरेर मात्र परामर्श सेवा लिनु हुनेछ। कार्यालयका विद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने कामका लागि समेत बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउनु हुनेछैन।

४३. कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ को दफा १० को उपदफा (१) बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारको बजेटबाट निर्माण गरिने सामुदायिक भवन तथा यस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत वा निजी जग्गामा निर्माण नगर्ने व्यवस्था मिलाउनु हुनेछ। यस्ता संरचनाहरू सार्वजनिक हितका लागि प्रयोग हुने अवस्थाको सुनिश्चितता गर्नु पर्नेछ।

४४. प्रदेश सरकारबाट सामाजिक सुरक्षा अन्तर्गतका भत्ता तथा सेवा सुविधाका लागि विनियोजन गरेको रकम खर्च गर्दा नेपाल सरकार वा स्थानीय तहबाट वितरण हुने उस्तै प्रकृतिका भत्ता वा सेवा सुविधासँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४५. नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान मार्फत सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा आवधिक रुपमा प्राप्त हुने हुँदा तहाँ मन्त्रालय र मातहतका निकाय समेतको खर्चको विवरण मासिक रुपमा र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

४६. सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद र तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ एवम् कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ र कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ मा भएका व्यवस्थाको परिपालना गर्नु हुनेछ।

प्रदेश सचिव

४७. जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्ण परिपालना गर्नु हुनेछ। हालसम्म पनि मुल्य नखुलेका जिन्सी मालसामानको हकमा आवश्यक प्रक्रिया पुरा गरी मूल्य खुलाई अभिलेखीकरण गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक अन्य कार्यालयका लागि थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर तथा फिक्चर्स खरिद गर्दा पुरानो तथा उपयोग विहीन सामग्रीको प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४८. आफू र मातहतका निकायमा जीर्ण अवस्थामा रहेका सवारी साधनहरू यो आर्थिक वर्षभित्र लिलाम गरी लगत कट्टा गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै अन्य प्रदेशमा दर्ता भई यस प्रदेशमा प्रयोगमा रहेका सरकारी सवारी साधन अनिवार्य रुपमा यसै प्रदेशको यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४९. कार्यालयका लागि सवारी साधन खरिद गर्दा आवश्यकता र औचित्यता समेत बिचार गरी मितव्ययिता र उपयोगिताको सिद्धान्तलाई आत्मसात गर्नु हुनेछ। विनियोजित बजेटबाट चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व यस मन्त्रालयको पूर्व स्वीकृति लिई सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्डमा भएका व्यवस्था अनुसार खरिद तथा उपयोग गर्नु हुनेछ।

५०. प्रदेश सरकारका कुनै निकायले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवन उपयोग गर्न प्राथमिकता दिनुपर्नेछ। खाली भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख सडक/मार्गमा घर बहालमा नलिने र न्यूनतम् आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

५१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार मालसामान तथा बस्तु खरिद गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(घ) <u>वित्तीय पारदर्शीता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्थाः</u>

५२. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका आयोजना वा कार्यक्रमको लेखा तथा प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदन लगायतका अन्य विवरण मासिक/त्रैमासिक रुपमा तयार गरी स्वतः प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५३. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का सम्झौता अङ्क, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न

प्रदेश सचिव

नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा सूचना पाटी (होर्डिङ्ग बोर्ड) राखि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५४. IPFMS मा प्रतिबद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकाले खरिद सम्झौता बापतको रकम भुक्तानी निकासा गर्दा प्रतिबद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ। यस मन्त्रालयबाट बहुवर्षीय ठेक्काको रुपमा स्रोत सहमति प्रदान भएका आयोजनाको कुल लागत, ठेक्का सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति आदि विवरणहरू (Integrated Public Finance Management System: IPFMS) र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा अनिवार्य रुपमा प्रविष्टी गर्नु हुनेछ।

५५. सरकारी सम्पत्तिको संरक्षण, आयोजना तथा कार्यक्रमको कार्यान्वयन तथा सोको अनुगमन, बजेट समर्पण, खर्च तथा सोको लेखाङ्कन, लेखापरीक्षण र प्रतिवेदन लगायत कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४८ मा उल्लेख गरिएको वित्तीय उत्तरदायित्व सम्बन्धी व्यवस्थाको पूर्ण परिपालना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गर्दा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम हुने गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या तथा तिनका कारणहरू र समाधानका उपायहरू उल्लेख गरी यस मन्त्रालयमा त्रैमासिक रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५७. आयोजना वा कार्यक्रम सञ्चालनमा आएका समस्या समाधानको लागि नियमित रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक आयोजना गर्नु हुनेछ। यस समितिमा छलफल भई समाधान हुन नसकेका समस्या सम्बन्धमा मन्त्रालय/निकायबाट भए गरेका प्रयासहरू र सोबाट समेत समाधान हुन नसकेको व्यहोरा खुलाई समस्या समाधानका लागि राय सहित प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) मा पठाई छलफल गर्ने व्यवस्था मिलाई यस समितिबाट निकास भए अनुसार गर्नु/गराउनु हुनेछ।

५८. उपभोक्ता समिति/लाभग्राही समुहबाट सञ्चालन हुने विकास कार्यक्रम, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम र अनुदान/सहायता/प्रोत्साहन/साझेदारीबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनाको अन्तिम बिल भुक्तानी गर्दा कार्यसम्पादन/कार्य स्वीकार प्रतिवेदन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र प्राविधिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न राख्ने व्यवस्था मिलाउनु हुनेछ।

५९. तहाँ मन्त्रालय/निकाय वा मातहतका कार्यालयबाट प्रदेश सरकारको नीति तथा प्रचलित कानुन बमोजिम प्रदान गरिने विभिन्न प्रकारका अनुदान, सहायता, प्रोत्साहन, सहुलियत लगायतका सुविधा प्राप्त गर्ने

प्रदेश सचिव

कार्यक्रम रहेमा यसका लाभग्राही (व्यक्ति, संस्था, समूह, फर्म, सहकारी आदि) को जिल्लागत विवरण समेत खुल्ने गरी सो सेवा सुविधा प्रदान गरिएको एकिकृत तथा वर्गीकृत अभिलेख राखी सोको विवरण आफ्नो वेवसाइटमा समेत प्रकाशित गर्नु हुनेछ। त्यस्ता अनुदान तथा सहायताको उपयोग उद्देश्य अनुरूप भए नभएको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै आन्तरिक तथा अन्तिम लेखापरीक्षणका बखत यस्ता सहायताको अनिवार्य परीक्षण गराउनु हुनेछ।

६०. अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा सञ्चालन हुने कार्यक्रममा कुनै निश्चित लाभग्राही मात्र लाभान्वित हुने गरी नाम वा सीमित स्थान किटान गरी बिना प्रतिस्पर्धा निश्चित व्यक्ति, संस्था वा समूहका लागि लक्षित गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। निर्णयकर्ता वा निर्णय प्रक्रियामा संलग्न पदाधिकारी वा निजको नजिकको नातेदारलाई मात्र प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सरकारी अनुदान वा सहायता वितरण गर्न पाइने छैन। स्वार्थको द्वन्द्व हुने अवस्था आएमा तालुक निकायमा जानकारी गराइ निकास भए बमोजिम गर्नु हुनेछ। यस प्रकारको अनुदान वा सहायता दिंदा पटक-पटक एकै व्यक्ति समूह, सहकारी वा फर्मले पाउन नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

६१. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ को दफा ७ बमोजिम तहाँ मन्त्रालय वा निकाय अन्तर्गतको कार्यालयको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी सम्वत् २०८३ पौष १५ गतेभित्र एकिकृत मूल्याङ्कनको लागि यस मन्त्रालयमा प्रतिवेदन पेस गर्नुहुनेछ।

६२. कर्णाली प्रदेश सरकारका सबै निकायहरूले आफ्नो आर्थिक कारोवारको अनिवार्य रुपमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा अद्यावधिक अभिलेख राख्ने, बेरुजुको प्रकृति अनुसार फस्यौंट गर्ने/गराउने कार्यलाई उच्च प्राथमिकता दिई कार्यान्वियन गर्नु हुनेछ। प्रदेश बेरूजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी आफू र मातहत निकायको बेरुजु फछर्यौट कार्यलाई तदारुकता साथ सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६३. खर्च शीर्षक नं. २६४१२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त चालु अनुदान र खर्च शीर्षक नं. २६४२२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त पुँजीगत अनुदानमा विनियोजित रकम प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु हुनेछ।

६४. तहाँ मन्त्रालय वा निकायबाट नेपाल सरकारका निकाय वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी प्रदान गरिएका आयोजना वा कार्यक्रमको लेखा राखी प्रचलित प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेश सचिव

प.सं.:-२०८३/०८४
च.नं.:- 09

६५. कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग श्रावण मसान्तभित्र वार्षिक कार्यसम्पादन करार गर्नुहुनेछ। आयोजना/कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आबद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६६. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका बोर्ड, प्राधिकरण, परिषद्, प्रतिष्ठान, सचिवालय, आयोग र समिति लगायत स्वायत्त प्रकृतिका निकायबाट प्रदेश सरकारमाथि आर्थिक व्ययभार पर्ने गरी कुनै कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

६७. चालु आर्थिक वर्षमा प्रदेश सरकारका निकायको लागि राजस्वको लक्ष्य निर्धारण गरी सङ्कलन गर्ने व्यवस्था भए अनुरुप तहाँ मन्त्रालय वा निकायको लागि तोकिएको राजस्व सङ्कलनको लक्ष्य प्राप्तिका लागि प्राथमिकता दिई सक्रिय रुपमा लाग्नु हुनेछ।

६८. यस मार्गदर्शनमा उल्लेख नभएका वा अस्पष्ट भएका विषयहरूको हकमा प्रचलित कानुन वा प्रचलित कानुनको अधिनमा रही यस मन्त्रालयबाट निर्णय भए बमोजिम हुनेछ।

६९. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ३१ को उपनियम (३) मा व्यवस्था भए बमोजिम मन्त्रालयबाट मार्गदर्शन प्राप्त भएपछि सम्बन्धित मन्त्रालयको सचिवले विषयगत मार्गदर्शन समेत समावेश गरी पाँच दिनभित्र मातहतका निकायलाई बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नु हुनेछ।

७०. आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेवसाइट moeap.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(लीला प्रसाद शर्मा)
प्रदेश सचिव
प्रदेश सचिव

**श्री प्रदेश सचिवज्यू,**
प्रदेश सरकारका मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, सबै।

**बोधार्थः**
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री प्रदेश लेखा इकाई कार्यालय (सबै), कर्णाली प्रदेश।

**सादर अवगतार्थ**
माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीज्यू, कर्णाली प्रदेश सरकार।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत। ब